प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

# दैनिक गतिविधि

**कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु :**



**माननीय** सामाजिक विकास मन्त्रीज्यूको संयोजकत्वमा मन्त्रालयका सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका डा. प्रदीप के.सी. ज्यू, डा. सन्तोष के.सी.ज्यू, सामाजिक विकास मन्त्रालयका अस्पताल विकास महाशाखा प्रमुख डा. राम बहादुर के.सी ज्यू लगायतको उपस्थितिमा प्रदेशको हालको स्वास्थ्य अवस्था, कोभिड १९, डेङ्गु लगायत महामारीको अवस्थाका विषयमा छलफल र समीक्षा सम्पन्न

**कुनैपनि** व्यक्तिमा कोभिड - १९ संक्रमण देखिएमा संक्रमित व्यक्तिको सम्पर्कमा रहेका सबै जनाको पूर्ण विवरण संकलनका लागि Contact Tracing गर्नुपर्ने हुन्छ । उक्त कार्यका लागि EDCD द्वारा अद्यावधिक गरिएको Contact Interview Form (अनुसूची ३) गण्डकी प्रदेशका सम्पूर्ण स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालहरुमा इमेल मार्फत पठाइएको छ । Contact Tracing सम्बन्धी अनलाइन अभिमुखीकरण यस अघि नै सम्पन्न भैसकेको छ ।




**राष्ट्रिय** क्षयरोग केन्द्र, सहयोगी संस्थाहरु र सात वटै प्रदेशका बीचमा अहिलेको अवस्थामा Case Finding र औषधी ढुवानी गर्ने विषयमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भएको छ ।

**कोभिड - १९** को मध्यम, जटिल र अति जटिल केश व्यवस्थापनका लागि तोकिएका Level 2 अस्पतालको तयारी तथा Clinical Management मूल्यांकन सुदृढिकरण गर्नका लागी तयारी स्वरुप स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (HEOC), विश्व स्वास्थ्य संगठन (WHO), स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) को बीचमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भयो । त्यसैगरी यस कार्यका लागि अभिमुखीकरण प्रदान गर्ने मिति र आवश्यक पर्ने जनशक्तिको सहभागिताका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई जानकारी प्रदान गर्नुका साथै आवश्यक व्यवस्थापनका लागि अनुरोध गरियो ।

**बेनी** अस्पतालमा Minimum Service Standard (MSS) को मध्यावधि मूल्यांकन गर्न तथा कोभिड - १९ सम्बन्धि सूचना संकलन गर्ने Online Reporting System को बारेमा स्वास्थ्य कार्यालय म्याग्दीमा अभिमुखीकरण प्रदान गर्नका लागि स्वास्थ्य निर्देशनालयको एक टोली आज म्याग्दी प्रस्थान गरेको छ ।

**आज** थप १४ जनाको PCR परिक्षणका लागि नमुना संकलन गरिएको छ । अहिलेसम्म गण्डकी प्रदेशमा ६६० जनाको नमुना संकलन भएको छ जसमा ६४४ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र १४ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ । त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६१८९ जनामा RDT परिक्षण गरिएको छ । आजसम्म हेल्लो डाक्टर १०९२ मा ७८४ जनाले चिकित्सकीय परामर्श सहितको विशेषज्ञ सेवा लिएका छन् ।

**साबुन पानीले हात मिचीमिची धोऔं।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं।**




**बाग्लुङ** स्थित धौलागिरी अंचल अस्पतालमा गोरखा वेलफेयर ट्रष्ट (GWT) ले PPE, Infrared Thermometer, Gloves, Mask लगायतका स्वास्थ्य सुरक्षा सामाग्री हस्तान्तरण गरेको छ ।

विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं। होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने। हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने।

ङ.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने। यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने। खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने।

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**

हेलो डाक्टर १०९२